मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ्ग, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

# मालिका गाउपालिका
# आर्थिक वर्ष २०८१/०८२ को
# गाउ सभाको १५ औं अधिवेशनमा
# उपाध्यक्ष श्री लक्ष्मीदेवी घर्ति मगर पुन ज्युद्धारा प्रस्तुत
# वार्षिक बजेट तथा कार्यक्रम

सभा अध्यक्ष एवम गाउसभाका सदस्य ज्युहरुः-

१. सर्वप्रथम नेपालको विभिन्न कालखण्डमा भएका लोकतान्त्रिक आन्दोलनमा सहदात प्राप्त गर्नुहुने ज्ञात अज्ञात शहिदहरु तथा देशको लोकतान्त्रिक गणतन्त्र स्थापनाको खातिर २०६३/६४ मा भएको जनआन्दोलनमा आफ्नो जीवनको प्राण आहुती गर्नु हुने अमर सहिदहरु प्रति उच्च सम्मान व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

२. विश्वव्यापी रुपमा सुस्तायको अर्थतन्त्रसंगै नेपालको अर्थतन्त्रमा परेको प्रभाव तथा नेपालमा पछिल्लो समयमा आर्थिक क्षेत्रमा देखिएको अघोषित मन्दीको कारण आम जनसमुदायको जनजीवनमा परेको प्रभाव तथा उत्पादकत्वमा देखिएको बिषम र भयाबह अवस्थाबाट हाम्रा आम जनसमुदायहरुलाई सुरक्षित गर्दै गाउपालिकाको विकास, परिवर्तन र सेवा प्रवाहलाई थप निरन्तरता दिने प्रणका साथ मालिका गाउपालिकाको आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु । संघीय शासन प्रणाली अन्तगत स्थानीय तहको दोस्रो निर्वाचन पछिको दोस्रो वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर पाएकोमा आफुलाई भाग्यमानि ठानेको छु । यस अवसरमा बजेट तथा कार्यक्रम तयार गर्ने क्रममा गाउपालिका भित्ररहेको आम जनसमुदाय संग सरोकार रहेका उनिहरुको दैनिकि संग जोडिएका पक्षलाई बजेट तथा कार्यक्रममा समेट्नी प्रयास गरेको छु ।

३. आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा हाल सम्म हासिल भएका उपलब्धीहरु संस्थागत गर्दै जनप्रतिनिधिमुलक लोकतान्त्रिक पद्धतीबाट हाम्रा नागरिकले खोजेका सेवा, चाहेको बिकास र रुपान्तरित समतामुलक समाजको निर्माण गर्ने प्रणालीबाट निर्देशित हुदै मालिका गाउपालिकालाई नमुना गाउपालिकाको रुपमा स्थापित गर्न यो बजेट केन्द्रीत गरेको छु ।

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ्ग, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

४. बजेट तर्जुमा गर्ने क्रममा मैले नेपालको संविधान, बिद्यमान नेपालका ऐन, कानून, निती नियम, स्थानीय सरकार संचालन ऐन २०७४ तथा यस संग सम्बन्धीत कानून, संघिय तथा गण्डकी प्रदेश सरकारको निती, कार्यक्रम तथा बजेट बक्तब्य, मालिका गाउपालिकाका अध्यक्ष ज्युद्धारा अर्थिक वर्ष २०८१/०८२ को लागि प्रस्तुत निती तथा कार्यक्रम, आर्थिक विधेयक, २०८१ र विनियोजन बिधेयक, २०८१ लाई मुख्य आधार बनायको छु । बजेट तर्जुमा गर्ने क्रममा बिषयगत समिति, स्थानीय राजस्व परामर्श समितिले दिएको सुझावहरुलाई आत्मसाथ गरि श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले दिएको सिमा भित्र रही स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७ अनुसार बजेट तथा कार्यक्रम तर्जुमा समितिमा आय तथा व्ययको सिमा निर्धारण गरि गाउ कार्यपालिकाको बैठकमा पेश गरि गाउकार्यपालिकाको बैठकका निर्णयहरुलाई  समेत समावेस गरेको छु । मालिका गाउपालिकामा रहेका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरुले दिएका सुझावहरु बिभिन्न क्षेत्रमा रहेका विज्ञ व्यक्तिहरु तथा अन्य क्षेत्रका सरोकारवालाहरुबाट दिईएका सुझावहरुलाई बजेट निर्माण गर्दा बिषेश ध्यान दिई उच्च प्राथामिकता दिएको छु ।

५. संघ, प्रदेश र स्थानीय तह बीचको सहकार्य, सहअस्तित्व र समन्वयलाई अवलम्वन गरि जन सहभागिता, उत्तरदायीत्व, पारदर्शिता सुनिश्चित गरि आम मालिकावासी जनसमुदायलाई सरल, सुलव तथा गुणस्तरीय सेवा प्रवाह गरि स्थानीय सरकारको आभाष आम जनसमुदायलाई दिलाउनु पर्ने अवसर, दायीत्व र चुनौती हामी माझ बिद्यमान रहेकोछ । जनसमुदाय माझको नजिकको सरकारको रुपमा स्थापित मालिका गाउपालिका हरेक नागरिकको घर दैलोमा पुगेर सेवा प्रवाह गर्न सदा प्रतिवद्ध छौं ।

६. गाउँपालिकाको अधिकार क्षेत्र भित्र रही मौलिक हक र कर्तब्य सम्बन्धी संबैधानिक व्यवस्थाको कार्यन्वयन गर्न मालिका गाउपालिका सधै प्रतिवद्ध रही आएको छ । मालिका गाउपालिकाको जनभावना, जनआकांक्षा र आवश्यकताको आधारमा नागरिकको जीवनस्तरमा सुधार ल्याउन, विकास र समृद्धिको अपेक्षा पुरा गर्न दृढ संकल्पका साथ अगाडी बढीरहेको छ ।

७. भौगोलिक विविधता, प्राकृतिक सुन्दरता सहितको बहुजातीय, बहुधार्मिक र बहुसास्कृतिक बिशेषता युक्त मालिका गाउपालिकालाई सद्भाव र सहअस्तित्वमा आधारित एकतावद्ध, सभ्य र सु-सूकृत समाज निर्माण गर्दै नमुना गाउपालिकाको रुपमा बिकास गर्न निरन्तर लागि परेको छ । मालिका बासी जनसमुदायको चाहान, बिकास प्रतिको मोह र परिवर्तन प्रतिको आकांक्षा पुरा गर्न तथा सेवा प्रवाहमा सजकता प्रदान गर्न यस गाउपालिका यात्रामा यात्रारत छ ।

८. बिकास, परिवर्तन र समृद्धिबाट सु-सज्जित मालिका गाउपालिका निर्माणको महान अभियानमा हरेक नागरिकको साथ, सहयोग र ऐक्यबद्धताका लागि हार्द्धिक अनुरोध गर्दछु ।

सभा अध्यक्ष एवम गाउसभाका सदस्य ज्युहरुः-

अव म आगामी आ.व.२०८१/०८२ को बजेटमा संबोधन गरिएको केही सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

९. मालिका गाउपालिका विपतबाट उच्च जोखिममा रहेको गाउपालिका हो । यसलाई मध्यनजर गरि विपत व्यवस्थापनलाईृ उच्च महत्व दिएको छु । बिगत वर्षहरुमा संचालन भई अधुरा रहेका योजनाहरुलाई पनि यस आवमा कार्य संपन्न गर्ने गरि प्राथमिकता दिएको छु । सूरुवाती वर्ष देखि नै उच्च प्राथामिकताका साथ संचालन हुदै आएका गाउपालिका भित्रका हरेक वडाका योजना तथा पहिचानका कार्यक्रमहरुलाई पूर्णता प्रदान गर्न उत्तिकै ध्यान पुराई बजेटमा प्राथमिकता दिएको छु ।

१०. मालिका गाउपालिकाको वडागत योजना तथा कार्यक्रमको लागि रु. ३ करोड ८५ लाख रुपैयाँ विनियोजन गरेको छु । जस अन्तर्गत सामाजिक, आर्थिक, सुशासन तथा संस्थागत, वातबरण तथा बिपत व्यवस्थापन र भौतिक पुर्वाधारमा समेट्ने गरि बजेटको व्यवस्था मिलाएको छु ।

११. लागत सहभागिताको लागि रु ३ करोड ७४ लाख ४४ हजार रुपैयाँ बिनियोजन गरेको छु । जस अन्तर्गत समपुरक कोषमा रु २ करोड ६० लाख रुपैयाँ, खानेपानीका लागि गैरसरकारी संस्थासंग साझेदारी (नेवा)मा रु १ करोड र निजी आवास पुनर्निर्माणको लागि रु १४ लाख ४४ हजार बजेट व्यवस्था गरेको छु ।

१२. प्रशासकीय भवन, वडा नं. १ को वडा कार्यालय भवन र वडा नं. ७ को वडा कार्यालय भवनका लागि रु २ करोड व्यवस्था गरेको छु ।

१३. प्रशासनिक तथा कार्यालय संचालनको लागि रु ९ करोड २२ लाख ५५ हजार बजेटको व्यवस्था गरेको छु । यसबाट कर्मचारीको तलव भत्ता, पदधिकारीको पारिश्रमिक तथा अन्य सुविधा, संचालन खर्च समेत रहेका छन । सेवा परामर्श, सूचना प्रणली, पत्रपत्रिका, भाडा, विमा नविकरण, मर्मत, इन्धन, मेसिनरी औजार, फर्निचर, अनुगमन यस शिर्षमा समेटिएका छन ।

१४. बाल बिकास सहजकर्ता र बिध्यालय कर्मचारीको तलव भत्ताको लागि रु १ करोड र सामुदायीक स्वस्थ्य ईकाइका कर्मचारीको तलव भत्ताको लाग रु ६० लाख गरि रु १ करोड ६० लाख बजेटको व्यवस्था गरेको छु । बिषयगत शाखाको लागि रु ४५ लाख,, वडा

कार्यालयको प्रशासनिक खर्च पहिलो पटक बजेटमा नै व्यवस्था गरि प्रत्येक वडालाई वार्षिक रु ३ लाख ५० हजारको दरले रु २४ लाख ५० हजार, किसानी मावि छात्रवृद्धिको लागि रु १० लाख, प्राथामिक स्वस्थ्य केन्द्र संचालन खर्च रु १३ लाख तथा मालिका गाउपालिका विपतको क्षेत्रमा उच्च जोखिममा रहेकोले वातवरण तथा विपत व्यवस्थापन शिर्षकमा रकम विनियोजन गरेको भएतापनि थप रु १० लाख विपतजन्य क्षतिबाट पुनर्निर्माण तथा राहत वितरण क्षेत्रमा खर्च गर्ने गरि जम्मा रु ८० लाख बजेट व्वस्था गरेको छु । लक्षित वर्गका लागि रु १५ लाख व्यवस्था गरेको छु ।

१५. कृषि तथा पशु क्षेत्रको उत्पादनमा जोड दिई आय स्तर सृजना गरिने छ । कृषिजन्य वीउ तथा विषाधि र पशु स्वस्थ्यको औषधि खरिदको लागि रकम विनियोजन गरेको छु ।

१६. आर्युवेद शाखा तथा स्वस्थ्य शाखाको लागि निशुल्क औषधि बितरण गर्नको लागि बजेटको व्यवस्था गरेको छु ।स्वस्थ्य स्वयम सेवकको प्रोतसाहन गर्न बजेटमा समावेस गरेको छु । विपन्न बिद्यार्थीलाई उत्साहित गर्न शैक्षिक सामाग्री खरिदको व्यवस्था मिलाएको छु ।

**सभा अध्यक्ष एवम गाउसभाका सदस्य ज्युहरुः-**

१७. अव म आर्थिक वर्ष २०७९/०८० को यथार्थ आय व्यय, आर्थिक वर्ष २०८०/०८१ को संसोधित अनुमान र आर्थिक वर्ष २०८१/०८२ को प्रस्तावित आय व्यय विवरण यस सभामा पेश गर्ने अनुमति चाहन्छु ।

**रु हजारमा**

| क्र.सं. | आर्थिक वर्ष | चालु खर्च | पूँजिगत खर्च | जम्मा खर्च |
|---|---|---|---|---|
| १. | आ.व. २०७९/०८० को यथार्थ | २५५३३१.१४० | १६१४८५.२७७ | ४१६८१६.४१७ |
| २. | आ.व २०८०/०८१ को संसोधित | ३०६७४६.१०० | १८४३९८ | ४९११४४.१०० |
| ३. | आ.व २०८०/०८१ को हाल सम्मको खर्च | २०१७९०.१९८ | ९६४०७.४९८ | २९८१९७.६९६ |
| ४. | आ.व २०८१/०८२ को प्रस्तावित | ३१०५५५ | १६६८८५ | ४७७४४० |

१८. आर्थिक वर्ष २०८१/०८२ को यस मालिका गाउपालिकाको प्रस्तावित वार्षिक आय विवरण देहाय बमोजिम रहेको छ ।

**रु हजारमा**

| क्र.स | आय श्रोत | प्रस्तावित रकम | कैफियत |
|---|---|---|---|
| १. | संघिय सरकार समानिकरण अनुदान | ८४१०० | |
| २. | संघिय सरकार सशर्त अनुदान (चालु) | १९११०० | |
| ३. | संघिय सरकार राजश्व बाँडफाँड | ९०००० | |
| ४. | संघिय सरकार सशर्त (पूजिगत) अनुदान | १५०० | |
| ५. | संघिय सरकार विशेष (पूजिगत) अनुदान | १४५०० | |
| ६. | संघिय सरकार समपुरक अनुदान | २०००० | |
| ७. | गण्डकी सरकार समानिकरण अनुदान | १०५३५ | |
| ८. | गण्डकी सरकार राजश्व बाँडफाँड | ५७०५ | |
| ९. | गण्डकी सरकार विशेष अनुदान | ४००० | |
| १०. | गण्डकी सरकार समपुरक अनुदान | ६००० | |
| ११. | गाउँपालिकाको आन्तरिक आय (सेवा शुल्क, दस्तुर, रोयल्टी र अन्य) | १०००० | |
| १२. | अनुमानित संचित कोष अल्या हुने रकम | ४०००० | |
| **जम्मा अनुमानित आय** | | **४७७४४०** | |

१९. आर्थिक वर्ष २०८१/०८२ को यस मालिका गाउपालिकाको प्रस्तावित वार्षिक व्यय विवरण देहाय बमोजिम रहेको छ ।

**रु हजारमा**

| क्र.स | व्यय विवरण | प्रस्तावित रकम |
|---|---|---|
| १. | सशर्त (चालु) | १९११०० |
| २. | सशर्त (पूजिंगत) | १५०० |
| ३. | चालु तर्फको खर्च | ९२२५५ |
| ४. | बिद्यालय कर्मचारी, वालविकास सहजकर्ता थप तलव सुविधा | १०००० |
| ५. | बिषयगत शाखाका अन्तर्गतको कार्यक्रम | ४५०० |

| | | |
|---|---|---|
| ६. | पालिका स्तरिय योजना तथा कार्यक्रम | २८३४५ |
| ७. | विपतजन्य क्षतिबाट पुनर्निर्माण तथा राहत बितरण (पालिका स्तरीय) | १००० |
| ८. | प्राथामिक स्वास्थ्य केन्द्र संचालन खर्च | १३०० |
| ९. | वडागत योजना तथा कार्यक्रम | ४५५०० |
| १०. | प्रशासनिक भवन जग्गा व्यवस्थापन(वडा नं. १ र ७ को वडा कार्यालय समेत) | २०००० |
| ११. | लागत सहभागित-समपुरक कोष | २६००० |
| १२. | खानेपानी योजनाका लागि  गैरसरकारी संस्था संग साझेदारी(नेवा) | १०००० |
| १३. | डाडागाउँ स्वास्थ्य चौकी भवन निर्माण  (संघीय सरकार विशेष) | १४५०० |
| १४. | अधिभारा ताक्से रुम मोटरबाटो निर्माण (संघीय सरकार समपुरक) | २०००० |
| १५. | दुखुबेसी सिंचाई कार्यक्रम गण्डकी प्रदेश सरकार विशेष अनुदान | ४००० |
| १६. | निजी आवास पुनर्निर्माण साझेदारी | १४४० |
| १७. | निस्कोट ताराखोला सडक निर्माण (निरन्तरता प्रदेश सरकार समपुरक अनुदान) | ६००० |
| | **व्यय विवरण** | **४७७४४०** |

२०. माथि क्षेत्रगत रुपमा उल्लेखित बजेटलाई गाउपालिकाबाट सिफारिस भई आएका योजनाहरु र गाउपालिकाबाट सबै वडामा संचालन हुने योजनाहरको विवरण अनुसूचिमा उल्लेख गरिएको छ ।

२१. **सभा अध्यक्ष एवम गाउसभाका सदस्य ज्युहरुः-**

अन्तमा, यस मालिका गाउपालिकाको योजना तथा कार्यक्रमहरु आ.व. २०८१/०८२ को सफल र सार्थक कार्यान्वयनको लागि सबैको सक्रिय सहयोग एवम भूमिकाको अपेक्षा गर्दछु । हरेक योजना तथा कार्यक्रमहरुलाई प्रतिफल संग जोड्न र सबै योजना तथा कार्यक्रमहूरुमा जन सहभागिता बढाउन बिशेष ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ । योजना तथा कार्यक्रम कार्यान्वयनको सबै चरणहरुमा अनुगमन तथा मुल्याङ्कनलाई थप प्रभावकारी बनाउनु पर्ने आवशयकता रहेको छ । यसको लागि मालिका वासी जनसमुदायको सक्रिय र उत्साहजनक सहभागिता रहने छ भन्ने आशा गरेको छु ।    धन्यबाद ।

७ अषाढ २०८१

लक्ष्मीदेवी घर्ती मगर पुन
उपाध्यक्ष